# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १८ मिति २०७९ पौष २७


# भाग १

## चुरे गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः**

## केहि स्थानीय ऐन संशोधन ऐन २०७९

**प्रस्तावनाः** चुरे गाउँपालिकाबाट यस अघि बनेका केहि स्थानीय ऐनलाई समयानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

चुरे गाउँपालिकाको गाउँसभाले यो केहि स्थानीय ऐन संशोधन गर्ने ऐन बनाएको छ ।

## १. न्यायिक समितिको कार्यबिधि ऐन २०७४ मा गरिएको संशोधन

१. दफा १ प्रस्तावनामा नेपालको संबिधानको धारा २२६ बमोजिम भन्ने वाक्यांश थपिएको ।

२ दफा ३ मा भएको व्यवस्थालाई उपदफा (१) मा राखि उपदफा (२) र (३) मा देहायको व्यहोरा गप गरिएको ।

(२) दफा ६ बमोजिमको समितिको क्षेत्राधिकार अन्तरगतका बिषयमा मेलमिलाप गर्ने अधिकार मेलमिलाप केन्द्रलाई प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम मेलमिलाप गर्न पूर्व उक्त विवादलाई मेलमिलाप केन्द्र मार्फत वा सोझै समितिमा दर्ता गराउन पर्नेछ ।

३. दफा ७ को खण्ड (ख) र (घ) हटाईएको

४. दफा ७ को खण्ड (क) संशोधन गरिएको

(क) विवादका पक्षहरु मध्ये कनै एक पक्ष गाउँपालिकाको क्षेत्राधिकार भित्र बसोबास भई घटनासँग सम्बन्धित बिषयबस्तु गाउँपालिका भित्र रहेको र चल अचल सम्पत्ति समावेश भएको हकमा उक्त सम्पत्ति गाउँपालिकाकाको भौगोलिक क्षेत्र भीत्र रहेको ।

५. दफा ८ मा देहायको व्यवस्था थप गरिएको

(६) न्यायिक समितिको क्षेत्राधिकार भीत्र रहेको विवादहरु मेलमिलाप प्रयोजनका लागि न्यायिक समितिले सुचिकृत गरेका मेलमिलाप केन्द्रमा अनुसुची १ क को

ढाँचामा दर्ता गर्न सकिनेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता भएका विवादहरुलाई सम्बन्धित मेलमिलाप केन्द्र मार्फत न्यायिक समितिमा दर्ता कायम गरी मेलमिलाप शत्र संचालनका लागि अनुसूची १ ख को ढाँचामा न्यायिक समितिको अनमति लिन पर्नेछ ।

६. दफा २० मा देहायको व्यवस्था थप गरिएको

(७) बिपक्षीका नाममा जारी गरिएको म्याद सूचना बुझिलिएको भर्पाईको ढाँचा अनुसुची ६ क बमोजिम हुनेछ ।

७. दफा ४३ को उपदफा (३) प्रारम्भीक सनुवाई छलफलको अभिलेख ढाँचा

अनुसुची ७ (क) बमोजिम हुनेछ भन्ने व्यवस्था थप गरिएको

८. दफा ५० को खण्ड (द) मा देहायको व्यवस्था थप गरिएको

(द) मेलमिलाप केन्द्रमा दर्ता भएका विबाद न्यायिक समितिको क्षेत्राधिकार भित्रको बिषय भए नभएको हेरी मेलमिलाप अनुमतिका लागि लागि संयोजक समक्ष पेश गर्ने र मेलमिलाप केन्द्रलाई सोको व्यहोरा जानकारी पठाउने ।

९. दफा ५४ मा देहायको व्यवस्था थप गरिएको

(१)क: उपदफा (१) बमोजिम मेलमिलाप गराउदा न्यायिक समितिले आफुले सुचिकृत गरेको मेलमिलापकर्ताबाट गराउनु पर्नेछ ।

१०. दफा ६५ मा थप देहायको व्यहोरा थप गरिएको

(१) समितिले कुनै उजुरी मेलमिलापको लागि मेलमिलापकर्ता समक्ष पठाउँदा पक्षहरूलाई मेलमिलापकर्ताको सम्पर्क उपलब्ध गराई मेलमिलापकर्ता समक्ष उपस्थित हुने तारेख तोकि अनुसुची ११ (क) बमोजिमको व्यहोरा जनाई देहाय बमोजिमको कागज साथै राखि लेखि पठाउनु पर्नेछः।

(५) मेलमिलाप केन्द्रमा विवाद दर्ता भई समितिको अनमति लिई समाधान भएको बिवादमा पक्षहरुले न्यायिक समिति समक्ष उपस्थित हुन पर्नेछैन ।

११ दफा ६९ मा संशोधन गरिएको:

(१) मेलमिलापकर्ताले पक्षहरु बीचमा मेलमिलाप हुन नसकेमा सो व्यहोरा खुलाई अनुसुची ११ (ख) को ढाँचामा प्रतिवेदन तयार गरी विवादका सबै कागजात सहित समितिमा फिर्ता पठाउनुपर्नेछ । .

१२. दफा ७१ मा देहायको व्यवस्था गरिएको:

(१) विवाद समाधानको क्रममा मेलमिलाप प्रक्रियाद्वारा पक्षहरुका बिच आपसी सहमती भई मेलमिलाप हुन गएमा त्यस प्रकारका विबादमा कुनै प्रकारको मेलमिलाप दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा जे सुकै भनिएता पनि मेलमिलाप शत्र संचालन गर्ने मेलमिलापकर्ताहरुलाई गाउँपालिका वा वडा

कार्यालयले प्रति विवादमा सत्र संचालन गरे वाफत प्रति व्यक्ति रु ५०० खाना तथा संचार खर्च वाफत प्रदान गर्नेछ ।

१३. दफा ७२ क थप गरि देहायको व्यवस्था गरिएको

७२कः **मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापनः** १) न्यायिक समितिले प्रत्येक वडामा कम्तीमा एक एक वटा मेलमिलाप केन्द्रको स्थापना गर्न सक्नेछ ।

(२) न्यायिक समितिले सुचीकृत गरेका मेलमिलापकर्ताहरुले मेलमिलाप केन्द्र संचालनका लागि अनुरोध गरेमा न्यायिक समितिले केन्द्र संचालनका लागि कार्यपालिकाको निर्णयमा संचालन अनमति दिनेछ ।

चुरे गाउँपालिका

(३) मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धि अन्य कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१४. संलग्न अनुसुची १ देखि १५ संशोधन गरिएको ।

चुरे गाउँपालिका

## २. सहकारी ऐन २०७६ मा गरिएको संशोधन

१. प्रस्तावनामा "नेपालको संविधानको धारा ५७ को उपदफा (४) तथा अनुसुची ८ उल्लेखित सहकारी सम्बन्धी अधिकारको कार्यान्वयनका लागि धारा २२६ बमोजिम" भन्ने शब्दावली थप गरिएको ।

२. दफा २ खण्ड (ख) बाट कसूरको परिभाषा हटाईएको ।

३. दफा ५ मा देहायका खण्डहरु थप गरिएको

(घ) सदस्यहरुको नेपाली नागरिकताको प्रमाण पत्र

(ङ) संस्था दर्ताका लागि तोकिएको शुल्क बझाएको रसिद ।

४. दफा ६ क मा देहायको व्यवस्थाप थप गरिएको

६ क. सुचिकरण र नविकरण गर्नु पर्नेः (१) यस

गाउँपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले तोकिए बमोजिम गाउँपालिकामा सुचिकृत हुनु पर्नेछ ।

(२) यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले तोकिए बमोजिम बार्षिक रुपमा नविकरण गर्नु पर्नेछ । (३) गाउँपालिकामा सुचिकृत भएको सहकारीलाई अनसुची ३ बमोजिमको प्रमाण पत्र दिनुपर्नेछ

५. दफा ११ को खण्ड (ङ) मा “बचत तथा ऋण सहकारी संस्थाः बचत तथा ऋणको मुख्य कारोबारो गर्ने संस्था” भन्ने शब्दावली थप गरिएको ।

७. दफा १६ को खण्ड (ज) मा स्थानीय तहको सट्टा गाउँपालिका भन्ने शब्द राखिएको ।

८. दफा १७ उपदफा (१) मा “कार्य संचालनका लागि तोकिएको ढाँचामा” भन्ने शब्दावली थप गरिएको ।

९. दफा ४० (१) मा संघीय कानून बमोजिम रजिष्टारले तोकेको बचत तथा ऋण सन्दर्भ व्याजदर सबै सहकारी संस्थाले पालना गर्नु पर्नेछ भन्ने संशोधन गरिएको व्यवस्था थप गरिएको ।

१०. दफा ४४ बाट नगर भन्ने शब्द झिकेर गाउँ शब्द राखिएको ।

११. दफा ७४ उपदफा (१) पहिलो तिन महिनाको सट्टा पहिलो चौमासिक भन्ने शब्द राखिएको ।

१२. दफा ७४ (१) क मा उपदफा १ बमोजिम प्रतिवेदन तयारीका लागि यस ऐन बमोजिमका संस्थाहरुले आर्थिक बर्ष समापन भएको ३ महिना भित्र तोकिएको ढाँचामा गाउँपालिकामा प्रतिवेदन पेश गर्न पर्नेछ भन्ने कुरा थपिएको ।

१३. दफा ७९ हटाईएको ।

१४. दफा ७९ भन्ने शब्दावलीको ठाउँमा संघीय कानून बमोजिम भन्ने शब्दावली राखिएको ।

१५. दफा ८५ मा हाल भएको व्यवस्थालाई हटाई संघीय कानूनले कसुर निर्धारण गरेका बिषय संघीय कानून बमोजिम हुने भन्ने व्यवस्था गरिएको ।

१६. दफा ८६ हटाईएको ।

१७. दफा ८७ (१) मा दफा ८० को स्थानमा संघीय कानून भन्ने शब्दावली राखिएको र उपदफा (२) मा दफा ८० को ठाउँमा दफा ८१ भन्ने शब्दावली राखिएको ।

१९. दफा ९९ क र ख को व्यवस्था गरि देहायको व्यवस्था थप गरिएको ।

**९९ क. गाउँपालिका सहकारी संघको गठनः** (१) सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरणका ललायतका कार्य गर्न यस ऐन बमोजिम दर्ता वा सुचिकृत भई कार्यरत

भएका कम्तीमा १५ वटा संस्थाहरुले आपसमा मिलि आफ्नो सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) गाउँपालिका सहकारी संघको काम कर्तव्य, अधिकार र संचालन तथा व्यवस्थापन कार्यबिधि तोकिए बमोजिम हुनेछ ।

**९९. ख. गाउँ सहकारी प्रवद्धन वोर्ड गठनः** (१) गाउँपालिकाले गाउँपालिका भित्रका सहकारीहरुको संस्थागत सुशासन तथा विकास अवस्था, सहकारी खेती तथा व्यवसायमुलक एवं रोजगारमुलक योजनाको सम्भाव्यता अध्ययन सहित समग्र विकासका लागि योजना निर्माण, उत्कृष्ठ सहकारीहरुलाई प्रोत्साहन लगायत

कार्यमा सुझाव, परामर्श, सहजीकरण, अनुगमन, सहयोग लगायतका विषयमा रेखदेख गर्न गाउँपालिकाले गाउँ सहकारी प्रवर्द्धन वोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वोर्डको गठन तथा काम कर्तव्य र अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

चुरे गाउँपालिका

आज्ञाले
विविराज सोती
नि. प्रमुख प्रशासकीय अधिकृत

चुरे गाउँपालिका